नेपाल सरकार

# गृह मन्त्रालय

(लागु औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
फ्याक्स ०१-४२११२८३
ई-मेलः drug@moha.gov.np
Website:www.drugportal.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः- ०७८/७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ३०८

मितिः २०७८/०८/१३

विषय : आवेदन संकलन तथा सिफारिस सम्बन्धमा ।

आनन्द अवस्था

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा उपचार तथा पुनर्स्थापना केन्द्र पुरस्कृत गर्न छनौट गर्ने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम लागु औषध प्रयोगकर्ताका लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रलाई वितरण गरिने पुरस्कारका लागि आवेदन पेश गर्ने सम्बन्धी मिति २०७८/०८/१३ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित यसैसाथ संलग्न सूचना बमोजिम तहाँ कार्यालयमा आवेदन पेश गर्ने उपचार तथा पुनर्स्थापना केन्द्र मध्ये सोही मापदण्डको दफा ५ बमोजिम उत्कृष्ट उपचार तथा पुनर्स्थापना केन्द्र छनौट गरी केन्द्रीय अनुगमन तथा समन्वय समिति समक्ष सिफारिससाथ पठाउनु हुन अनुरोध छ।

२०७८/०८/१२

(गोकर्णप्रसाद उपाध्याय)
उप-सचिव

नेपाल सरकार

# गृह मन्त्रालय

लागु औषध नियन्त्रण शाखा

## लागु औषध प्रयोगकर्ताका लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्रलाई वितरण गरिने पुरस्कारका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०७८/०८/१३ गते

गृह मन्त्रालय, लागु औषध नियन्त्रण कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लागु औषध प्रयोगकर्ताहरूको लागि सञ्चालित उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ बमोजिम हालसम्म सञ्चालनमा रही उत्कृष्ट कार्य सम्पादन गरेका उपचार तथा पुनर्स्थापना केन्द्रलाई पुरस्कार वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक केन्द्रले उपचार तथा पुनर्स्थापना केन्द्र पुरस्कृत गर्न छनौट गर्ने सम्बन्धी मापदण्ड, २०७८ बमोजिम निम्न कागजातहरू संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। साथै अन्य जानकारीका लागि लागु औषध नियन्त्रण शाखाको फोन नं. ०१-४२११२२२/४२११२८३ मा सम्पर्क गर्नु हुन वा शाखाको वेबसाईट www.drugportal.gov.np हेर्नु हुन अनुरोध गरिन्छ।

निम्नः

(क) अनुसूची -२ बमोजिमको निवेदन,
(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) केन्द्रको विधानको प्रतिलिपि,
(घ) मन्त्रालयमा आबद्धताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(च) अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
(छ) अघिल्लो आ.व.को वार्षिक लेखा परिक्षण प्रतिवेदन,
(ज) केन्द्र रहेको सम्बन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिस,
(झ) केन्द्रको भौतिक, वित्तीय र मानव संशाधनको विवरण,
(ञ) दफा ५ को उपदफा (२) बमोजिमका अन्य आवश्यक कागजातहरू।